# सम्पत्ति बीमा निर्देशन, २०८० (प्रथम संसोधन)

**स्वीकृत मिति: २०८१/ ०५/०२**

**प्रस्तावना:** सम्पत्ति बीमा निर्देशन, २०८० लाई समयसापेक्ष संसोधन गर्न बाञ्छनीय भएकोले बीमा ऐन, २०७९ को दफा १७० ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायका निर्देशन जारी गरेको छ।

१. **संक्षिप्त नाम तथा प्रारम्भ:** (१) यो निर्देशनको नाम "सम्पत्ति बीमा निर्देशन, २०८० (प्रथम संसोधन)" रहेको छ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सम्पत्ति बीमा निर्देशिका, २०८० को अनुसूची १५ मा संसोधन:** सम्पत्ति बीमा निर्देशन, २०८० को अनुसूची १५ मा हाल रहेको व्यवस्थाको सट्टा देहाय बमोजिम परिमार्जन गरी राखिएको छ:

**अनुसूची–१५**

अनुसाङ्गिक क्षति (कन्सिक्वेन्सियल लस) बीमाको नमुना बीमाशुल्क गणना गर्ने उदाहरण

(दफा ४५ सङ्ग सम्बन्धित)

अनुसाङगिक क्षति बीमाको बीमाशुल्क गणना गर्ने तरीका

| **सम्पत्ति बीमा- हाइड्रोपावर (जलविद्युत)** | |
|---|---|
| बीमाङ्क रु. | रु २०,००,००,०००।- |
| आधारभूत बीमा दर ( प्रति हजार) | २.०० |
| बीमाशुल्क रकम रु. | रु ४,००,०००।- |

| **अनुसाङगिक क्षति (कन्सिक्वेन्सियल लस) बीमा** | | | | |
|---|---|---|---|---|
| बर्गीकरण | ३ महिना सम्म सम्पत्ति बीमा दरको १२५ प्रतिशत प्रति हजार | ६ महिना सम्म सम्पत्ति बीमा दरको २०० प्रतिशत प्रति हजार | ९ महिना सम्म सम्पत्ति बीमा दरको २५० प्रतिशत प्रतिहजार | १२ महिना सम्म सम्पत्ति बीमा दरको ३०० प्रतिशत प्रतिहजार |
| अनुसाङगिक बीमाङ्क | रु. ४,००,००,०००।- | रु. ४,००,००,०००।- | रु. ४,००,००,००० ।- | रु. ४,००,००,०००।- |
| आधारभूत बीमा दर ( प्रति हजार) | २.५ | ४.०० | ५.०० | ६.०० |
| बीमाशुल्क रकम रु. | १,००,०००।- | १,६०,०००।- | २,००,०००।- | २,४०,०००।- |
| **कुल बीमाशुल्क (सम्पत्ति तथा अनुसाङगिक क्षति बीमा )** | **५,००,००० ।-** | **५,६०,००० ।-** | **६,००,००० ।-** | **६,४०,००० ।-** |

- *अनुसाङ्गिक क्षति बीमा (Consequential Loss Insurance) को लागि उल्लेख गरिएको बीमाशुल्कमा आतङ्कवाद, हुलदङ्गा तथा द्वेशपूर्ण कार्यको (RSMDT) जोखिमको व्यवस्था बीमितको लागि ऐच्छिक नभई अनिवार्य हुने।*